लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, सहायक द्वितीय, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८१।०९।२६

चरण : द्वितीय

पत्र : प्रथम

समय : २ घण्टा ३० मिनेट

पूर्णाङ्क : १००

विषय : **Banking, Accounting, Mathematics and Computer**

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड 'क' — ४० अङ्क

१. नेपालको बैकिङ तथा वित्तीय प्रणालीको विकासक्रम छोटकरीमा वर्णन गर्नुहोस् । यसले देशको आर्थिक विकासमा कसरी योगदान पुर्‍याउँछ? व्याख्या गर्नुहोस् । ५+५=१०
(Briefly describe the development of Nepali banking and financial system. How does it contribute to the country's economic development? Explain.)

२. तरलता व्यवस्थापनका उपकरणहरू के के हुन्? नेपाल राष्ट्र बैंकले तरलता प्रभावकारी रूपमा व्यवस्थापन गर्नका लागि ती उपकरणहरूको प्रयोग कसरी गरिरहेको छ? चर्चा गर्नुहोस् । ५+५=१०
(What are the instruments for liquidity management? Discuss how Nepal Rastra Bank has utilized these instruments to effectively manage liquidity in Nepal.)

३. नेपालमा बैंक तथा वित्तीय संस्थाहरूले प्रदान गर्ने विभिन्न प्रकारका निक्षेप सेवाहरूको व्याख्या गर्नुहोस् । साथै, नेपाल राष्ट्र बैंकबाट गरिएका निक्षेप तथा निक्षेपको ब्याजदरसम्बन्धी मुख्य मुख्य नियामकीय प्रावधान उल्लेख गर्नुहोस् । ५+५=१०
(Explain the various types of deposit services provided by bank and financial institutions in Nepal. Also, mention the main regulatory provisions regarding the deposits and interest rates of deposits made by Nepal Rastra Bank.)

४. मुद्रा बजार र पूँजी बजारबिचको भिन्नता छुट्याउनुहोस् । साथै, पूँजी बजारले देशको आर्थिक विकासमा गर्ने योगदान वर्णन गर्नुहोस् । ४+६=१०
(Differentiate between money market and capital market. Also, explain the contribution that capital market can provide to the country's economic development.)

MIRAS ACADEMY

## खण्ड 'ख' — ३० अङ्क

५. सन्तुलन परीक्षणको परिचय दिँदै यसको उद्देश्य उल्लेख गर्नुहोस् । सन्तुलन परीक्षणबाट पत्ता लगाउन नसकिने गल्तीहरू के के हुन्? व्याख्या गर्नुहोस् । २+३+५=१०
(Introducing the Trial Balance, mention its objectives. What are the errors that can't be detected by Trial Balance? Explain.)

६. आन्तरिक लेखापरीक्षणको महत्त्व वर्णन गर्नुहोस् । साथै, आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखापरीक्षणबिचको अन्तरसम्बन्ध चर्चा गर्नुहोस् । ५+५=१०
(Describe the importance of internal audit. Also, discuss the interrelationship between internal control system and internal audit.)

७. नेपालको सरकारी क्षेत्रको लेखा प्रणालीका चुनौतीहरू चर्चा गर्नुहोस् । साथै, उक्त चुनौतीलाई सम्बोधन गर्न चालिएका पछिल्ला सुधारहरू वर्णन गर्नुहोस् । ५+५=१०
(Discuss the challenges in Nepali Government Accounting System. Also, elaborate the recent reforms made to address those challenges.)

क्रमशः

## खण्ड "ग" २० अङ्क

८. १५ जना कामदारले कुनै काम २५ दिनमा सम्पन्न गर्छन् । यदि त्यही कामलाई १५ दिनमा सम्पन्न गर्नुपरेमा कतिजना कामदार थप्नु पर्ला? पत्ता लगाउनुहोस् । ५
(15 workers can do a piece of work in 25 days. How many workers should be added to complete the same work in 15 days? Find.)

९. उचाई र व्यासको योगफल २५ से.मी. तथा बक्र सतहको क्षेत्रफल ७०४ वर्ग से.मी. भएको एउटा बेलनाको पूरा सतहको क्षेत्रफल निकाल्नुहोस् । ५
(The sum of height and the diameter is 25cm and the curved surface area is $704cm^2$. Find the total surface area of cylinder.)

१०. एउटा मोबाइल फोनको अंकित मूल्य रू. ५०,००० छ । यदि १०% छुट दिएर १३% मूल्य अभिबृद्धि कर लगाइयो भने यसको चुक्ता मूल्य कति हुन्छ? पत्ता लगाउनुहोस् । ५
(The marked price of a mobile phone is Rs. 50,000. What will be the net selling price of the mobile phone if 13% Value Added Tax (VAT) was levied after allowing 10% discount? Find.)

११. तल दिइएको तथ्यांकबाट Mean, Standard Deviation र Coefficient of Variation पत्ता लगाउनुहोस् । ५
(Find out the Mean, Standard Deviation and Coefficient of Variation from the following data.)

| Weight (kg) | 0-10 | 10-20 | 20-30 | 30-40 | 40-50 |
|---|---|---|---|---|---|
| No. of person | 12 | 33 | 30 | 15 | 10 |

## खण्ड "घ" १० अङ्क

१२. नेपाल राष्ट्र बैंकबाट जारी IT Guideline अनुसार सूचनाको सुरक्षा सम्बन्धमा के-कस्तो व्यवस्था गरिएको छ? उल्लेख गर्नुहोस् । ५
(As per the IT Guideline issued by Nepal Rastra Bank, what are the provisions related to information security? Mention.)

१३. अपरेटिङ सिस्टमको परिभाषा दिनुहोस् । साथै, इलेक्ट्रोनिक उपकरणमा अपरेटिङ सिस्टमले खेल्ने प्रमुख भूमिकाहरू चित्रण गर्नुहोस् । १+४=५
(Define an Operating System (OS). Also, illustrate the major roles that an OS plays in the electronic devices.)

:: समाप्त ::

MIRAS ACADEMY